# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं.:- २०८२/८३
च.नं.:-

मितिः- २०८२/०९/२१
नेपाल संवत् ११४६ सोमबार

## प्रेस विज्ञप्ती

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनले दिएको अधिकार र कर्तव्य बमोजिम यस नगरपालिका क्षेत्रभित्रका सामुदायिक छाडा पशुहरुलाई सुरक्षित स्थानमा व्यवस्थापन, संरक्षण गर्न यस गोदावरी नगरपालिकाद्वारा वडा नं. ७ स्थित करिब १०० बिघा क्षेत्रफलमा रहेको वडा नं. ६, ७ र ८ का उपभोक्ताहरु सदस्य भएको गोलादेउ सामुदायिक बन क्षेत्रमा गौशाला निर्माण भई प्रारम्भिक चरणमा सञ्चालन भइरहेको व्यहोरा सर्वविदितै छ । उक्त गौशालाको पशु चौपायाका लागि निर्माण भएको २ वटामा करिब एक सय पचास पशु चौपाया बस्ने क्षमताका टहराहरु रहेका छन् ।

उक्त २ वटा टहरा सुदूरपश्चिम प्रदेश सरकार अन्तर्गत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनगढीद्वारा निर्माण भएको र बाँकी घेरबार, खानेपानी डिप ट्युबेल जडान र अन्य आहारा व्यवस्थापन यस नगरपालिकाबाट हुदै आएको छ । नगरपालिकाबाट पशु चौपायाहरुलाई LSD र FMD रोग विरुद्धको खोप लगायत नियमित उपचार कार्यक्रम (चोटपटक लागेमा) गर्दै आएको छ । साथै चौपायाको व्यबस्थापनका लागि नगरपालिकाले एक जना व्यवस्थापक र चार जना हेरालु समेत स्थानीय जनशक्ति उपलब्ध गराएको छ । चालु आ.ब.मा पशु चौपायाका लागि आवश्यक पर्ने व्यवस्थापन समितिको मागका आधारमा नियमित रुपमा आवश्यक सामाग्रीहरु नुन सहित करिब १०० ट्याक्टर पराल समेत उपलब्ध गराईएको छ । दीर्घकालिन रुपमा पशु चौपायाको आहारालाई दृष्टिगत गरी उक्त क्षेत्रमा नगरपालिकाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय दिपायलसंग समन्वय गरी गत आ.ब.मा करिब ७ हजार बहुबर्षिय भुई तथा डाले घाँसका बिरुवाहरु पनि लगाईएको छ । यसरी सामुदायिक चौपायाको अल्पकालिन र दिर्घकालिन व्यवस्थापन गर्न नगरपालिका प्रतिबद्ध एवं जिम्मेवार रहेको व्यहोरा सम्पूर्णमा अनुरोध छ ।

गौशाला निर्माण पूर्ण रुपमा सञ्चालन भई नसकेको साथै सो संग सम्बन्धित आवश्यक कानूनहरु निर्माण कै चरणमा रहेको छ । हाल प्रारम्भिक रुप मै गोलादेउ सामुदायिक वन अन्तर्गत गौशाला व्यवस्थापन समिति गठन गरी उक्त समितिले चौपाया व्यवस्थापनको कार्यमा सहयोग गर्दै आएकोमा मिति २०८२/०९/१९ गते शनिवारका दिन पशु विज्ञको प्राविधिक प्रतिवेदन अनुसार एक सय पचास पशुचौपायाको क्षमता भएको गौशालामा करिब एक हजार देखि पन्ध्र सयसम्म पशुचौपाया रहेको उक्त

# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल


गौशालामा भएका मध्ये केही पशुहरुको मृत्युको कारण बिरामी अवस्था, अत्याधिक कमजोर स्वास्थ्य, बृद्धावस्था तथा पहिले देखिको स्वास्थ्यमा समस्या, मौसमीय असर र दीर्घकालीन कुपोषणजस्ता कारणहरुबाट पशुहरुको असामयिक रुपमा मृत्यु भएको व्यहोरा सम्पूर्ण समुदायलाई जानकारीका लागि अनुरोध गरिन्छ ।

विभिन्न अनुत्पादक र स्वास्थ्यको दृष्टिले कमजोर भएका पशु चौपायाहरु कैलाली, कञ्चनपुर जिल्लाका विभिन्न पालिकाहरुबाट समेत आई सामुदायिक पशु चौपायाहरुको संख्यामा दैनिक वृद्धि हुन गएको हो । सार्वजनिक रुपमा छोडिएका कारण सार्वजनिक सवारी दुर्घटनामा वृद्धि, किसानहरुको बालीनाली नोक्सानी, महामारीजन्य रोगको संक्रमण आदिका कारणले छाडा चौपायाहरुको तत्कालै व्यवस्थापन गर्नुपर्ने बाध्यता रहदै आएकोले उक्त कार्य कुनै पनि पशुलाई हानी पुर्याउने उद्देश्यले नगरिएको स्पष्ट पार्न चाहान्छौं । मरेका पशुहरुको सम्बन्धमा आवश्यक नमुना संकलन, सरसफाई तथा सुरक्षित व्यवस्थापन प्रक्रिया अपनाइएको छ ।

उक्त घटनाप्रति कार्यालय गम्भीर र संवेदनशील रहेको जानकारी गराउँदै भविष्यमा यस्ता घट्नाहरु दोहरिन नदिन सुरक्षित पशु स्वास्थ्य जाँच, उपचार सेवा, दाना-पानीको उचित व्यवस्थापन तथा प्राविधिक जनशक्ती परिचालन र सरसफाइमा आवश्यक सुधारका कार्यहरु गर्ने व्यवस्था थप सुदृढ गर्ने कार्यमा सबै सरोकारवालाहरुको सहकार्य एवं साझेदारी गर्न पालिका प्रतिवद्ध रहेको छ । सामुदायिक छाडा चौपायाको उचित एवं प्रभावकारी व्यवस्थापन गर्नु आफैमा एउटा चुनौतीपूर्ण कार्य भएकोले पालिकाको सिमित स्रोतसाधनबाट सम्भव नहुने भएको हुँदा सोमा सरोकारवालाहरुसंग सहयोगको अपेक्षा राख्दछ तसर्थ यस विषयमा फैलिन सक्ने भ्रामक सूचना वा अफवाह प्रति ध्यान नदिन नगरपालिका सबैमा हार्दिक अनुरोध गर्दछ ।

सार्वजनिक छाडाचौपायाका सम्बन्धमा लिईने नीतिगत निर्णय देखि कार्यान्वयनको हरेक चरणमा सम्पूर्ण सरोकारवालाहरुको सुझाव सहकार्य र निगरानीलाई हामी स्वागत गर्दछौं ताकि सामुदायिक छाडा पशु व्यवस्थापन कार्य अझै प्रभावकारी, पारदर्शी र मानविय बनोस् । सार्वजनिक सुरक्षा, सरसफाइ, सडक यातायात, कृषि क्षेत्र संरक्षण र मानव-पशु सह अस्तित्व सुनिश्चित गर्न सबै पक्षको सहयोगको अपेक्षा गर्दै यो बिज्ञप्ती प्रकाशित गरिएको छ ।

धन्यवाद ।

२०८२।०५।२९

गोपाल दत्त भट्ट
नगर प्रवक्ता


फोन नं. ०९१-५०८००१ प्रशासन शाखा, ५०८००२, ५०८००३ ईन्टरकम
ई-मेल: mungodawari@gmail.com, info@godawarimunkailali.gov.np, वेभसाईट : www.godawarimunkailali.gov.np


"आत्मनिर्भर सुन्दर समृद्ध गोदावरी"